## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८२ साल भदौ १९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**<u>प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०८/०८२</u>**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २६ को उपनियम (१) बमोजिमको मन्त्रिपरिषद् समितिमा सोही नियमको उपनियम (२) बमोजिम मन्त्रीहरूलाई संयोजक तथा सदस्यको रूपमा तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजामती सेवा वा प्रदेश निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न सेवा/समूहका अधिकृतहरुलाई कामकाजमा खटाउने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आ.व. २०८२।०८३ का लागि प्रदेश सभा सचिवालयका लागि आवश्यक कम्प्युटर अपरेटर (सहायकस्तर पाँचौ तह) पदसंख्या -५, सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौंथो तह) पदसंख्या -१, कार्यालय सहयोगी (तहविहीन) पदसंख्या -४, तामाङ भाषा अनुवादक (सहायकस्तर पाँचौ तह) पदसंख्या -१ र नेपाल भाषा अनुवादक(सहायकस्तर पाँचौ तह) पदसंख्या -१ गरी जम्मा बाह्र(१२) जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने । |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सार्वजनिक निर्माण कार्यलाई गुणस्तरीय, मितव्ययी, पारदर्शी र विवादरहित बनाउँदै लागत र प्रतिफल सुनिश्चित गर्न बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा दश लाख रुँपैया भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरुको हकमा प्रदेश विनियोजन ऐन, २०८२ लगायत अन्य प्रचलित कानूनको अधिनमा रही गुणस्तर र पारदर्शिता सुनिश्चित हुने गरी प्रतिस्पर्धात्मक खरिद प्रक्रियाका माध्यमबाट विकास निर्माणका कार्य गर्न, गराउन प्रदेश सरकारका सबै मन्त्रालय/निकायमा लेखी पठाउन स्वीकृति प्रदान गर्ने। |
| ६. | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा, बागमती प्रदेशमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ७. | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | आ.व. २०८२/०८३ का लागि श्रावण १ गते देखि लागू हुने गरी यस मन्त्रालय र अन्तर्गतका निकायमा जलबायु अनुकुलित बृहत खानेपानी आयोजनाको लागि संलग्न अनुसूची अनुसारको जम्मा ९६ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | आ.व.२०८२/८३ का लागि भौतिक पूर्वाधार विकास मन्त्रालय तथा अन्तर्गतका विभिन्न कार्यक्रम र आयोजना सञ्चालन गर्न अनुसुची -१ बमोजिमको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका प्रशासनिक केन्द्रका भवन तथा आवास निर्माण कार्य" योजनाको कार्यन्वयनको लागि आवश्यक पर्ने कुल जम्मा ३१.०२ हेक्टर जग्गा साबिक मकवानपुर जिल्ला साविक हटिया-२ हाल हेटौडा उपमहानगरपालिका १६ र १७ स्थित डहरे जंगल कित्ता नं.१९६(वन क्षेत्र) मा पर्ने जग्गा प्रयोग गर्ने सम्बन्धमा वन ऐन, २०७६ (संशोधन, २०८२ सहित) को दफा ४२(५) बमोजिमको रकम सोहि ऐनको दफा ४५ बमोजिम वन विकास कोषमा जम्मा गर्नु पर्ने भएकोले वन विकास कोषबाट माग भएका बखत मन्त्रालयको स्वीकृत बजेटबाट उपलब्ध गराईने गरी सम्बद्ध निकायमा हाल प्रतिवद्धता पत्र पठाउन स्वीकृति प्रदान गर्ने । |
| १०. | संस्कृति तथा पर्यटन मन्त्रालय | बागमती प्रदेशको भक्तपुरको मध्यपुर थिमि नगरपालिकामा परापूर्व कालदेखि चलि आएको ऐतिहासिक येंया पन्हिया मेय् प्वाः खनेगु र बिस्का जात्रामा जिब्रो छेड्ने एक एक जना गरी जम्मा दुई जना व्यक्तिलाई संस्कृति तथा पर्यटन मन्त्रालयको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम "मुख्यमन्त्री साहसिक संस्कृति तथा परम्परा संरक्षण प्रोत्साहन पुरस्कार" स्वरुप प्रतिव्यक्ति रु दुई लाख रकम उपलब्ध गराउन सहमति प्रदान गर्ने । |
| ११. | सामाजिक विकास मन्त्रालय | आ.व. २०८२/८३ का लागि सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय तथा सामाजिक विकास कार्यालयहरूको अनुसूची-१ बमोजिमको अस्थायी दरबन्दी स्वीकृत गर्ने । |
| १२. | युवा तथा खेलकुद मन्त्रालय | आ.व. २०८२/०८३ का लागि युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको प्रदेश खेलकुद विकास परिषद्का लागि इन्जिनियर (सिभिल ७/८ तह) -१ र सब-इन्जिनियर (सिभिल ५/६ तह)-१ गरी जम्मा २ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १३. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ का लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयको अनुसूची-१ बमोजिमको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८२ साल भदौ १२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०७/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजामती सेवा वा प्रदेश निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न सेवा/समूहका अधिकृतहरुलाई कामकाजमा खटाउने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा प्रदेश सरकारका राज्यमन्त्री सरहको मर्यादा रहने गरी मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका , वडा नं. ३ स्थायी ठेगाना भएका श्री बुद्ध लामालाई प्रदेश सुशासन ऐन, २०७७ को दफा ३५ बमोजिम नियुक्त गर्ने र प्रदेश सुशासन नियमावली, २०७७ को नियम २० बमोजिम राजनीतिक सल्लाहकारको सेवा सुविधा तथा काम, कर्तव्य र अधिकार स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट उपशीर्षक ३०१०००११ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) अन्तर्गत बागमती प्रदेशका सबै १३ वटा जिल्ला समन्वय समितिको कार्यालयलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विनियोजन भएको रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भरतपुर महानगरपालिका र अष्ट्रेलियाको Merri-bek City Council बीच नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रही सहकार्य गर्ने गरी भगिनी सम्बन्ध कायम गर्न परामर्श दिने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | बागमती प्रदेश भित्रका सबै मन्त्रालय/निकाय/आयोग/सचिवालय/कार्यालयको स्वीकृत दरबन्दीमा कार्यरत करार र अस्थायी कर्मचारीहरुको लागि सम्वत् २०८२ साल साउन १ गतेदेखि लागू हुने गरी मासिक पाँच हजार रुपैयाँ महङ्गी भत्ता उपलब्ध गराउने। |
| ६. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय अन्तर्गतको निर्देशनालय/कार्यालयहरुको आर्थिक बर्ष २०८२/०८३ को लागि यसै साथ संलग्न अनुसूची-१ बमोजिम ८ (आठ) जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ७. | संस्कृति तथा पर्यटन मन्त्रालय | देहाय बमोजिमका बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय मातहतका अस्थायी आयोजनाहरुको संगठन संरचना तथा दरबन्दी तेरीज स्वीकृत गर्ने ।<br>क) पर्यटन विकास आयोजना, हेटौंडा<br>ख) पर्यटन विकास आयोजना ईकाइ कार्यालय, काठमाडौं |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| ८. | प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २९ बमोजिम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रभात तामाङलाई बागमती प्रदेश सरकारको प्रवक्ता तोक्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।